नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, वैशाख २७ गते २०३४ साल [संख्या ४

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

जग्गा (नाप जाँच) (तेस्रो संशोधन) नियमावली, २०३४

जग्गा (नाप जाँच) नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) (तेस्रो संशोधन) नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम २ मा संशोधन : जग्गा (नाप जाँच) नियमावली, २०३२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (ग १) थपिएको छः–

"(ग १) "बसोबास अधिकृत" भन्नाले पुनर्वास विभाग अन्तर्गतको बसोबास कार्यालयको प्रमुख सम्झनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को,—

(१) उप-नियम (३) पछि देहायको उप-नियम (३क) थपिएको छ:—

"(३ क) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्वास विभाग अन्तर्गत बसोबाससम्बन्धी काम कारवाई भइरहेको क्षेत्रमा नापी विभागले तोकेको अवस्थामा उप-नियम (२) र (३) बमोजिमको काम गर्ने अधिकारी बसोबास अधिकृत हुनेछ।"

(२) उप-नियम (४) को शुरूमा रहेको "नापी निरीक्षकले" भन्ने शब्दहरूको सट्टा "नापी निरीक्षकले वा उप-नियम (३ क) बमोजिम तोकिएको अवस्थामा बसोबास अधिकृतले" भन्ने वाक्यांश राखिएको छ।

४. मूल नियमावलीको नियम ५ मा संशोधन:— मूल नियमावलीको नियम ५ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ:—

"(२) उप-नियम (१) बमोजिम उपस्थित हुन आएका पञ्चायतका प्रतिनिधिले देखाए बमोजिम नापी टोली प्रमुखले पञ्चायत वा पञ्चायत वडाको सिमाना छुट्याउनेछ।

तर—

(क) ऐनको दफा ५ बमोजिम सिमाना छुट्याउँदा दुई वा दुईभन्दा बढी अञ्चल, जिल्ला, नगर पञ्चायत, गाउँ पञ्चायत वा वडाको सिमानाको सम्बन्धमा विवाद उठेमा अञ्चलको हकमा विवाद उठेको अञ्चलहरूको सम्बन्धित अञ्चलाधीशहरूको निर्णय बमोजिम, एकै अञ्चलभित्रका जिल्लाहरूको हकमा सम्बन्धित अञ्चलाधीशको निर्णय बमोजिम र गाउँ पञ्चायत, नगर पञ्चायत वा वडाहरूको हकमा प्रमुख जिल्ला अधिकारीको निर्णय बमोजिम सिमाना छुट्याउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम सम्बन्धित अधिकारीले अञ्चल वा जिल्लाको सिमानाको विवाद उठेकोमा विवाद उठेको पैंतीस दिनभित्र र अरू पञ्चायत वा वडाको सिमानाको विवाद उठेकोमा सो उठेको पन्ध्र दिनभित्र निर्णय गरी सक्नु पर्नेछ।"

५. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,—

(१) उप-नियम (१) र (२) को सट्टा देहायको उप-नियम (१) र (२) राखिएका छन्:—

"(१) ऐनको दफा ६ को उप-दफा (५) बमोजिम दर्ता तिरो नभएको तर परापूर्वदेखि बेनिस्सा हकभोग भई खास आवाद गरी खाई आएको जग्गा दर्ता गराउने सिलसिलामा उजूर परेमा निर्णय गर्ने सम्बन्धित जिल्लामा देहायका सदस्यहरू भएको एक समिति हुनेछ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रमुख जिल्ला अधिकारी– अध्यक्ष
(ख) भूमिसुधार अधिकारी वा भूमिप्रशासक– सदस्य
(ग) नेपाल किसान संगठनको जिल्ला कार्य समितिको सभापति– सदस्य
(घ) जिल्ला पञ्चायतको प्रतिनिधि– सदस्य
(ङ) प्रमुख नापी अधिकृत वा नापी अधिकृत– सदस्य-सचिव

(२) तीनजना सदस्य उपस्थित भएमा उप-नियम (१) बमोजिमको समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।"

(२) उप-नियम (४) पछि देहायको उप-नियम (५) र (६) थपिएका छन्:–

"(५) ऐनको दफा ६ को उप-दफा (७) बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीच तेरो मेरो सम्बन्धी प्रश्न उठेमा निर्णय गर्ने अधिकारी नापी अधिकृत हुनेछ।

(६) ऐनको दफा ६ को उप-दफा (८) बमोजिम स्रेस्तामा झगडा जनिएको, तर अदालतमा उजूर नपरेको जग्गाको सम्बन्धमा कारवाई गर्ने अधिकारी नापी अधिकृत हुनेछ र निजले त्यस्तो जग्गाको सम्बन्धमा कारवाई गर्दा सम्बन्धित पक्षहरूलाई पन्ध्र दिनको सूचना गर्नु पर्नेछ ।

तर नापी गोश्वारा उठी सकेको जिल्लाको हकमा सो कारवाई गर्ने अधिकारी भूमिसुधार अधिकारी वा भूमिप्रशासक हुनेछ र निजहरूले तोकेको अवस्थामा त्यस्तो कारवाई गर्ने अधिकारी भूमिसुधार कार्यालय वा भूमिप्रशासन कार्यालयको शाखा अधिकृत हुनेछ ।"

६. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को,–

(१) उप-नियम (१) को शुरूमा "ऐनको दफा ८ को उप-दफा (१) बमोजिम" भन्ने शब्दहरू थपिएका छन् र सोही उप-नियम (१) मा रहेको "नापी अधिकृतले" भन्ने शब्दहरूको सट्टा "नापी अधिकृत वा निज नभएको ठाउँमा भूमिसुधार अधिकारी वा भूमिप्रशासकले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (३) मा रहेको "दफा ८ को उप-दफा (१) को" भन्ने वाक्यांशको सट्टा "दफा ८ को उप-दफा (२) र (३) को" भन्ने वाक्यांश राखिएको छ ।

(३) उप-नियम (४) पछि देहायको उप-नियम (४क) थपिएको छः–

"(४क) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ को उप-नियम (३क) बमोजिम तोकिएको अवस्थामा उप-नियम (१), (३) र (४) बमोजिमको काम कारवाई गर्ने अधिकारी बसोबास अधिकृत हुनेछ ।"

७. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को पहिलो प्रकरणको अन्तमा देहायको वाक्य थपिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"समितिले जग्गाको किसिम छुट्याइसकेपछि सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।"

८. मूल नियमावलीमा नियम ११ क, ११ ख र ११ ग थप : मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११ क, ११ ख र ११ ग थपिएका छन् :–

"११ क. शहरी क्षेत्रको घर जग्गाको दर्ताश्रेस्ता र दर्तापूर्जा :– ऐनको दफा ११ क को प्रयोजनको लागि नापी अधिकृतले ऐन र यसै नियमावलीको प्रक्रिया अपनाई शहरी क्षेत्रको घर जग्गाको दर्ताश्रेस्ता र दर्तापूर्जा तयार गर्नेछ ।

११ ख. उजूर हेर्ने समिति र उजूर गर्ने म्याद : (१) ऐनको दफा १० को उप-दफा (३) बमोजिम जग्गाको किसिम छुट्याइएकोमा उजूरी गर्ने शहरी क्षेत्रको जग्गाको निमित्त नापी विभागको प्रतिनिधि, नगर पञ्चायतको प्रधानपञ्च र जिल्ला कार्यालयको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत भएको समिति हुनेछ र शहरी क्षेत्र बाहेक अन्यत्रको जग्गाको निमित्त नापी टोली प्रमुख, गाउँ पञ्चायतको प्रधानपञ्च र सम्बन्धित वडाको गाउँ पञ्चायतको सदस्य भएको समिति हुनेछ । यसरी उजूरी गर्दा शहरी क्षेत्रको जग्गाको हकमा नापी गोश्वारामार्फत् र अन्यत्रको जग्गाको हकमा नापी टोली प्रमुखमार्फत् सम्बन्धित समितिमा उजूर गर्नु पर्नेछ र यसरी पर्न आएको उजूरीमा सम्बन्धित समितिले पन्ध्र दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम समितिमा उजूरी गर्ने शहरी क्षेत्रको हकमा नियम ११ बमोजिम सूचना प्रकाशित भएको मितिले सात दिनभित्र र अन्यत्रको हकमा नियम ३ को उप-नियम (४) बमोजिम सूचना प्रकाशित भएको मितिले सात दिनभित्र उजूर गर्नु पर्नेछ ।

(३) ऐनको दफा १० को उप-दफा (४) बमोजिम जग्गाको किसिम छुट्याइएकोमा पुनः उजूरी गर्ने शहरी क्षेत्रको जग्गाको निमित्त निर्देशक, अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयको प्रतिनिधि भएको समिति हुनेछ र शहरी क्षेत्र बाहेक अन्यत्रको जग्गाको निमित्त नापी अधिकृत, जिल्ला कार्यालय र भूमिसुधार वा भूमिप्रशासन कार्यालयको प्रतिनिधि, जिल्ला पञ्चायतको प्रतिनिधि र जिल्ला किसान संगठनको प्रतिनिधि भएको समिति हुनेछ । यसरी पुनः उजूरी गर्दा शहरी क्षेत्रको जग्गाको हकमा नापी गोश्वारामार्फत् र अन्यत्रको जग्गाको हकमा नापी अधिकृतमार्फत् उप-नियम (१) बमोजिमको समितिले निर्णय गरेको मितिले सात दिनभित्र उजूर गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ ग. जग्गाको किसिम सम्बन्धी विशेष उजूरी : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम लागू हुनु भन्दाअघि नापी समाप्त भएको श्री ५ को सरकारले तोकेको क्षेत्रमा जग्गाको किसिम छुट्याइएकोमा चित्त नबुझ्ने व्यक्तिले श्री ५ को सरकारले तोकेको समयभित्र भूमिप्रशासन कार्यालय वा भूमिसुधार अधिकारीको कार्यालयमा उजूर गर्न सक्नेछ र यसरी उजूरी परेकोमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भूमिप्रशासक वा भूमि-सुधार अधिकारी र नापी मेन्टेनेन्स शाखाको नापी निरीक्षक भएको समितिले आवश्यक जाँचबुझ गरी निर्णय गर्न सक्नेछ ।"

९. मूल नियमावलीको अनुसूची १ घ, २, ३ र ४ मा संशोधन : मूल नियमावलीको अनुसूची १ घ, २, ३ र ४ को सट्टा यसैसाथ संलग्न अनुसूची १ घ, २, ३ र ४ राखिएका छन् ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१ घ

(नियम ३ को उप-नियम (४) संग सम्बन्धित)

यस गाउँ । नगर पञ्चायत वडा नं. को निम्न बमोजिमको ब्लक ब्लकमा ऐनको दफा १० को उप-दफा (१) को देहाय बमोजिमको परिभाषाको आधारमा निम्न बमोजिमको किसिम कायम गरिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

परिभाषाः–

(अ) तराई क्षेत्रको धनहरः–

(क) अवल : धान बाली लाग्न सक्ने कुलो पानीको सुविधा भएको ढुङ्गो नमिसिएको सबैभन्दा असल मलिलो माटो भै दुई वा दुई भन्दा बढी बाली लाग्न सक्ने क्षमता भएको जग्गा अवल हुन्छ ।

(ख) दोयम : वर्षामा मात्र कुलो लाग्ने ढुङ्गो नमिसिएको असल माटो भई दुई बाली लाग्न सक्ने क्षमता भएको जग्गा दोयम हुन्छ ।

(ग) सीम : कुलो नलाग्ने वर्षाको भरले एक बाली मात्र लाग्न सक्ने क्षमता भएको जग्गा सीम हुन्छ ।

(घ) चाहार : बलौटे, ढुङ्गेन सुख्खा माटो भएको कुलो नलाग्ने पानी चाँडै सुक्ने एक बाली मात्र लाग्न सक्ने वा धेरै समय पानीले छोपी कुनै कुनै सालमा मात्र बाली लाग्न सक्ने क्षमता भएको जग्गा चाहार हुन्छ ।

(आ) तराई क्षेत्रको भीट जग्गाः–

(क) अवल : असल मलिलो माटो भै घैया, गहुँ, मकै, कोदो, तोरी, सर्स्यूं र त्यस्तै किसिमको अरू नगदी बाली लाग्ने क्षमता भएको भीट जग्गा अवल हुन्छ ।

(ख) दोयम : बालुवा मिसिएको कमसल माटो भै मकै, कोदो,तोरी, सर्स्यूं र त्यस्तै किसिमको अरू नगदी बाली लाग्न सक्ने क्षमता भएको भीट जग्गा दोयम हुन्छ ।

(ग) सीम : बलौटे, ढुङ्गेन माटो भएको हरसाल बाली नभई एक दुई साल बिराई मकै, कोदो, तोरी,घैया, सर्स्यूं र त्यस्तै किसिमको अरू नगदी बाली लाग्ने क्षमता भएको भीट जग्गा सीम हुन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चाहार : समतल नभएको बलौटे ढुङ्गेन माटो भएको भीट जग्गा चाहार हुन्छ ।

(इ) अन्य क्षेत्रको खेत जग्गाः–

(क) अवल : धान बाली लाग्ने कुलो पानीको बाह्रै महीना सुविधा भएको बेसीमा केही समथरिलो भएको र ढुङ्गा नमिसिएको असल माटो भएको जग्गा अवल हुन्छ ।

(ख) दोयम : छहरा, खोल्सा वा कुलोको पानीले पाँच छ महीनासम्म सिंचाइ हुने वा वर्षाको कुलो लाग्ने ढुङ्गा नमिसिएको असल माटो भएको धान बाली लाग्ने जग्गा दोयम हुन्छ ।

(ग) सीम : छहरा, खोल्सा वा कुलोको पानीले बढीमा दुई महीनासम्म सिंचाइ हुन सक्ने केही बालुवा ढुङ्गा मिसिएको माटो भई उटक (अग्लो-होचो) वा सानो-सानो गरा परेको धान बाली लाग्ने जग्गा सीम हुन्छ ।

(घ) चाहार : बलौटे, ढुङ्गेन सुख्खा माटो भएको पानी चाँडै सुक्ने कुनै साल मात्र धान बाली लाग्ने टारी जग्गा चाहार हुन्छ ।

(ई) अन्य क्षेत्रको पाखो जग्गाः–

(क) अवल : असल मलिलो माटो भै घैया, गहुँ, मकै, कोदो, तोरी, सर्स्यूं र त्यस्तो किसिमको अरू बाली लाग्ने भिरालो नभएको हल लाग्ने पाखो जग्गा अवल हुन्छ ।

(ख) दोयम : बालुवा, ढुङ्गा नमिसिएको केही कमसल माटो भै भिरालो नभएको हल लाग्न सक्ने घैया, गहुँ, मकै, कोदो र त्यस्तै किसिमको अरू बाली लाग्ने पाखा दोयम हुन्छ ।

(ग) सीम : भिरालो, बलौटे, ढुङ्गेन माटो भै सुख्खा किसिमको मकै, कोदो, गहत, भटमास, जौ वा फापर र त्यस्तै किसिमको अरू बाली लाग्न सक्ने पाखो जग्गा सीम हुन्छ ।

(घ) चाहार : ज्यादै भिरालो भै मुश्किलले बाली लाग्न सक्ने, बस्तु-चरनको लागि राखेको जग्गा वा खरबारी जस्ता पाखो जग्गा चाहार हुन्छ ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि "तराई क्षेत्र" भन्नाले चुरे पहाडदेखि दक्षिणको समतल जग्गा भएको क्षेत्रलाई जनाउँछ तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

"अन्य क्षेत्र" भन्नाले तराई क्षेत्र बाहेक नेपाल अधिराज्यका बाँकी क्षेत्रलाई जनाउँछ।

ब्लक संख्या	विवरण (उदाहरणको लागि)	ब्लक चौहदी	कैफियत
१.	धनहर अवल	पूर्व ...पश्चिम ... उत्तर ... दक्षिणको... बिगहा रोपनी	जम्मा ब्लक २
२.	धनहर दोयम	पूर्व ... पश्चिम ... उत्तर ... दक्षिणको ... "	को जम्मा रोपनी
१.	भीट अवल	पूर्व ... पश्चिम ... उत्तर ... दक्षिणको ... "	... ...
२.	भीट दोयम	पूर्व ... पश्चिम ... उत्तर ... दक्षिणको ... "	ब्लक १ को ज
			ब्लक १ को ज

माथि उल्लेखित ब्लक ब्लकको किसिम ट्रेस साथै छ उक्त किसिम ट्रेस हामीहरूको रोहवरमा एकीन गरिएको ठीक मनासिव छ।

रोहवरमा उपस्थितिः–

१. पञ्चायत सदस्य
२. नापी निरीक्षक
३. भूमिसुधार वा भूमिप्रशासन कार्यालयको सदस्य (सम्भव भए)
४. अमीन

अन्य व्यक्तिः–

१. ....
२. ....
३. ....

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. ३

पाना नं.

अनुसूची–३
(नियम ८ को उप-नियम (२) संग सम्बन्धित)
श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
जग्गाधनी दर्ता स्रेस्ता

कैफियत
जम्मा क्षेत्रफल

जग्गाधनीको नाम, थर . . . . उमेर. . . . . . .
जग्गाधनीको वतन . . . .
जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत,
. . . .
. . . .
अञ्चल . . . . जिल्ला . . . .
पञ्चायत . . . .

प्रमाण संकेत साबिक नम्बर राजीनामा, अदालतको फैसला इत्यादि	वार्ड	कित्ता नम्बर	विवरण आवादी पर्ती पोखरी इत्यादि	जग्गाधनीको हक हिस्सा	मोहीको नाम, थर, वतन र नम्बर भए सो समेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत	जग्गाको किसिम र क्षेत्रफल (नापी भएको खूद क्षेत्रफल) धनहर वा खेत (विगहा, रोपनी) वर्गमिटर				भीट वा पाखो (विगहा, रोपनी) वर्गमिटर				आली कान्ला बापत कटाई बाँकी हुन आएको क्षेत्रफल	सहिछाप र मिति
						अव्वल	दोयम	सीम	चाहार	अव्वल	दोयम	सीम	चाहार		
					जम्मा अगाडि लगेको										

८८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. १

अनुसूची–२
(नियम ६ को उप-नियम (३) संग सम्बन्धित)

क्षेत्रीय किताब

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

नोट:– हरियो मसीले लेखिएको क्षेत्रफल आली कान्लाको क्षेत्रफल जनाउँछ।

कि. नं.	किसानको		जग्गावालाको		चौहद्द				विरह	किसिम	धनहर वा खेत			भीट वा पाखो			नापी भएको मिति	प्रमाण संकेत हरू देखाउने लिखित राजीनामा, अदालतको फैसला इत्यादि	किसानको व्यहोरा	कैफियत
	सहिछाप	नाम, थर वतन	सहि–छाप	नाम, थर वतन (बाबुको नाम)	पूर्व	पश्चिम	उत्तर	दक्षिण			बिग-हा वा रोपनी	कट्ठा वा आना	धुर वा पैसा दाम	बिग-हा वा रोपनी	कट्ठा वा आना	धुर वा पैसा दाम				

गाउँ वा नगर पञ्चायत सदस्यको सहिछाप | नापी निरीक्षकको सहिछाप | नापी टोली प्रमुखको सहिछाप | अमिनको सहिछाप

८७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापी फाराम नं. ४

अनुसूची–४
(नियम ८ को उप–नियम (२) संग सम्बन्धित)
श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय

जग्गाधनी दर्ता प्रमाणपूर्जा

पाना नं.
जग्गाधनीको नाम, थर... ... उमेर...
जग्गाधनीको वतन ... ...
जग्गाधनीको बाबुको नाम र सम्भव भए बाजेको समेत... ... ...
... ...
अञ्चल ... ... जिल्ला... ...
पञ्चायत .. ..

जम्मा क्षेत्रफल

प्रमाण संकेत साबिक नम्बर राजीनामा अदालतको फैसला इत्यादि	वार्ड	कित्ता नम्बर	विवरण आवादी पर्ती पोखरी	जग्गाधनीको हक हिस्सा	मोहीको नाम, थर, वतन र नम्बर भए सो समेत मोहीको बाबुको नाम र सम्भव भए बाजेको नाम समेत	जग्गाको किसिम र क्षेत्रफल (नापी भएको खूद क्षेत्रफल)								आली कान्ला बापत कटाई बाँकी हुन आएको क्षेत्रफल	सहिछाप र मिति
						धनहर वा खेत (विगहा, रोपनी) वर्गमिटर				भीट वा पाखो (विगहा, रोपनी) वर्गमिटर					
						अवल	दोयम	सीम	चाहार	अवल	दोयम	सीम	चाहार		
					जम्मा अगाडि लगेको										

आज्ञाले–
नारायण विक्रम शाह
श्री ५ को सरकारको का. मु. सचिव

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।